श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### तथ्याङ्क ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– तथ्याङ्क ऐन, २०१५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "तथ्याङ्क (दोस्रो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ७ पछि थपः– मूल ऐनको दफा ७ पछि देहायको दफा ७ क. र दफा ७ ख. थपिएको छः–

७ क. तथ्याङ्क सङ्कलन गर्न केन्द्रीय तथ्याङ्क विभागको स्वीकृति प्राप्त गर्नु पर्नेः–

(१) कुनै सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क सङ्कलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्विकृति प्राप्त गर्नु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम तथ्याङ्क सङ्कलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नु परेको कारण, सो सङ्कलन गरिने इलाका, सङ्कलन गर्दा अपनाइने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण केन्द्रीय तथ्याङ्क विभागमा पेश गर्नु पर्नेछ ।

(३) उप-दफा (१) बमोजिमको तथ्याङ्क सङ्कलन गर्न मनासिब देखाएमा केन्द्रीय तथ्याङ्क विभागले स्वीकृति दिनेछ र त्यसरी स्वीकृति दिँदा सो विभागले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका अन्य शर्त समेत तोकिदिन सक्नेछ ।

७ख. तथ्याङ्कलाई प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्नेः– (१) दफा ७क. बमोजिम तथ्याङ्क सङ्कलन गर्न स्वीकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरी त्यसलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नु अघि केन्द्रीय तथ्याङ्क विभागबाट प्रमाणित गराउनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम तथ्याङ्क प्रमाणित गर्दा केन्द्रीय तथ्याङ्क विभागले कुनै खर्च व्यहोर्नु पर्ने भए त्यस्तो खर्चसमेत तथ्याङ्क प्रमाणित गराउन चाहने व्यक्ति वा संस्थाले केन्द्रीय तथ्याङ्क विभागलाई बुझाउनु पर्नेछ ।

(३) केन्द्रीय तथ्याङ्क विभागको स्वीकृति प्राप्त नगरी कुनै तथ्याङ्क विदेशी व्यक्ति, संस्था वा अन्तर्राष्ट्रिय संस्थालाई उपलब्ध गराउनु हुँदैन ।

३. मूल ऐनको दफा ९ मा संशोधनः–(१) मूल ऐनको दफा ९ को उप-दफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

(क) जानी जानी त्यस्तो खबर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा वा

(२) मूल ऐनको दफा ९ को उप-दफा (२) पछि देहायको उप-दफा (२ क.) थपिएको छः–

(२ क.) दफा ७ क. बमोजिम स्वीकृति प्राप्त गरी तथ्याङ्क सङ्कलन गर्नु पर्नेमा स्वीकृति प्राप्त नगरी वा स्वीकृति प्रदान गर्दा तोकिएको प्रणाली वा शर्त विपरीत हुने गरी तथ्याङ्क सङ्कलन गरेमा वा दफा ७ ख. बमोजिम कुनै तथ्याङ्कलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्नेमा सो नगराई प्रयोगमा ल्याउने व्यक्ति वा संस्था र प्रकाशित गर्ने व्यक्तिलाई त्यस्तो प्रत्येक कसूर बापत पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

तर, यस उपदफा अन्तर्गत सजाय हुने कसूर कुनै संगठित संस्थाबाट भएकोमा त्यस्तो कसूर आफ्नो जानकारी बेगर भएको हो भन्ने कुरा प्रमाणित गर्न सकेमा बाहेक त्यस्तो कसूर बापतको सजाय सम्बन्धित संस्थाको महाप्रबन्धक वा प्रबन्धक वा प्रमुखलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

१०. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः– (१) यस ऐन अन्तर्गत देहायको कसूरको सम्बन्धमा कारवाई र सजाय गर्ने अधिकार देहायको अधिकारी वा अदालतलाई हुनेछ :–

(क) दफा ९ को उप-दफा (१), (२) र (५) को कसूरको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी,

(ख) दफा ९ को उप-दफा (२ क.) को कसूरको सम्बन्धमा महा–निर्देशक र

(ग) दफा ९ को उप-दफा (३) र (४) को कसूरको सम्बन्धमा अञ्चल अदालत ।

(२) राजपत्राङ्कित अधिकृतको सम्बन्धमा श्री ५ को सरकारको अनुमति र केन्द्रीय तथ्याङ्क विभागका कर्मचारीको सम्बन्धमा महा-निर्देशकको अनुमति नभई यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरको सम्बन्धमा कुनै उजूर लाग्ने छैन ।

(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा महा-निर्देशकले गरेको निर्णय उपर अञ्चल अदालतमा र अञ्चल अदालतले गरेको निर्णय उपर सर्वोच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन लाग्नेछ ।

५. मूल ऐनको दफा १० पछि थपः-मूल ऐनको दफा १० पछि देहायको दफा १० क. थपिएको छः–

१० क. अधिकार प्रत्यायोजन गर्न सक्नेः– दफा १० को उप-दफा (१) को खण्ड (ख) बमोजिम महा-निर्देशकलाई भएको अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

६. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

११. श्री ५ को सरकार वादी हुनेः– यस ऐन अन्तर्गतको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ ।

७. रूपान्तरः– मूल ऐनमा प्रयोग भइरहेको "डाइरेक्टर" भन्ने शब्दको सट्टा "महा-निर्देशक" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

आज्ञाले–

लालमोहर सदर मिति– २०३०।१२।११।१ चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।